नेपाल सरकार (माननीय गृह मन्त्रीस्तर) बाट मिति २०७८/०३/०३ मा स्वीकृत

**बिद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी (दोश्रो संशोधन) रणनीति, २०७४**

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस रणनीतिको नाम " बिद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी (दोश्रो संशोधन) रणनीति, २०७४" रहेको छ।

२. यो रणनीति तुरुन्त प्रारम्भ हुनेछ।

३. मूल रणनीतिको बुँदा नं. १.२ लक्षित समूह संशोधन गरी कायम गरिएको व्यवस्थाः "सामाजिक सुरक्षा कार्यक्रम नेपालमा सञ्चालित सामाजिक सहायताका कार्यक्रमहरु मध्ये सबैभन्दा ठूलो र महत्वपूर्ण कार्यक्रमका रुपमा रहेको छ।सामाजिक सुरक्षा भत्ता योजना अन्तर्गत ज्येष्ठ नागरिक, एकल महिला,विधवा, न्यायिक पृथकीकरण गरी बसेका, विवाह नगरेका, सम्बन्ध विच्छेद गरी विवाह नगरेका, अपाङ्गता भएका व्यक्तिहरु, लोपुन्मुख आदिवासी जनजाति तथा तोकिएका क्षेत्र र समुदायका बालबालिकाहरु समेटिएका छन् । सामाजिक सुरक्षा भत्ता प्रत्येक ३ महिनामा (त्रैमासिक रुपमा) स्थानीय तह मार्फत वितरण गरिन्छ" ।

४. मूल रणनीतिको बुँदा नं ७ को जिम्मेवारी तालिकाको क्र.सं. ४ को क्रियाकलाप मा संशोधन गरी देहाय अनुसार थप गरिएको छ।

क) स्थानीय तहले बैंक तथा वित्तीय संस्थाको लागि Forward Feed Generate गर्ने ।

ख) बैंकले सामाजिक सुरक्षा हिसाब मिलानको लागि Forward Feed प्राप्त तथा Reverse Feed पठाउने कार्य गर्न विभागबाट तयार भएको प्रणाली Social Security Reconciliation Portal (SSRP)/API को प्रयोग गर्ने ।

५. मूल रणनीतिको अनुसूची ८ जिम्मेवारी तालिका क्र.सं. ८ को सहयोगी निकाय संशोधन गरी "सम्बन्धित मन्त्रालय, नेपाल राष्ट्र बैंक" भन्ने शब्दहरुको ठाउँमा "सम्बन्धित मन्त्रालय, नेपाल राष्ट्र बैंक बैंकिङ्ग समस्या समाधान तथा सहजीकरण समिति" राखिएको।

६. मूल रणनीतिको बुँदा नं. ७ जिम्मेवारी तालिकाको क्र.सं. १३ को जिम्मेवार निकायमा "विभाग" भन्ने शब्दको सट्टा "बैंकिङ्ग समस्या समाधान तथा सहजीकरण समिति" राखिएको।

७. मूल रणनीतिको बुँदा नं ८ को (क) मा संशोधन गरी "तोकिएको समयमा लाभग्राहीले सामाजिक सुरक्षा प्राप्त गरेको अवस्था" राखिएको।

८. मूल रणनीतिको अनुसूची २ मा संशोधन गरी "बैंकिङ्ग प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा मिति २०७७।७।२४ मा सम्पूर्ण स्थानीय तहमा चरणबद्ध रुपमा बिद्युतीय भुक्तानीको लागि नेपाल राजपत्रमा प्रकाशित सूचना।"भन्ने विवरण राखिएको।

९. मूल रणनीतिको अनुसूची ४ मा संशोधन गरी "सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसारको सम्झौता को नमुना" भन्ने कायम गरिएको।